# घोषणापत्र

## प्रशान्त उप्रेती

प्रतिनिधिसभा उम्मेदवार, मक्वानपुर क्षेत्र नं. २

राष्ट्रिय स्वतन्त्र पार्टी





## १. भूमि अधिकार, सुकुम्बासी समाधान र उत्पादनमुखी भूमि सुधार

मनहरी, राक्सिराङ, कैलाश र भीमफेदी क्षेत्रमा अव्यवस्थित बसोबास र भूमिहीनताको समस्या गम्भीर छ। सुकुम्बासी, अव्यवस्थित बसोवासी र भोगचलन गर्नेको हक सुरक्षित गर्ने गरी भूमिसम्बन्धी ऐनलाई व्यावहारिक रूपमा नै समाधानमुखी बनाउन संसदमा नेतृत्वदायी भूमिका खेल्नेछु।

भूमिको स्वामित्व अस्पष्ट हुँदा नागरिकले बैंक ऋण, सरकारी अनुदान वा कानुनी संरक्षण पाउँदैनन्। समाधानका लागि डिजिटल भू-अभिलेख प्रणाली लागू गरिनेछ, जसले सम्पूर्ण नक्सांकन र स्वामित्व स्पष्ट पार्नेछ । *Land Bank* मोडेलमार्फत प्रयोगविहीन जमिनलाई कृषि र उद्यमसँग जोडिनेछ। एकीकृत नमुना बस्ती विकास गरी सडक, खानेपानी, ढल, विद्यालय र स्वास्थ्य चौकीसहित व्यवस्थित आवास सुनिश्चित गरिनेछ। भूमि वितरणलाई उत्पादनसँग जोडिनेछ, जसले बसोबासलाई आय आर्जनसँग सम्बन्धित बनाउनेछ। यसले दीर्घकालीन आर्थिक आत्मनिर्भरता सुनिश्चित गर्नेछ।

## २. सामाजिक न्याय तथा समावेशी राज्य संरचना

मकवानपुर-२ तामाङ, चेपाङ, बनकरिया, माझी, राई लगायतका आदिवासी जनजाति समुदायहरुको ऐतिहासिक बसोबास क्षेत्र हो, तर राज्यका अवसरहरुमा उनीहरुको पहुँच समान छैन। त्यसैले संसदमार्फत सामाजिक प्रभाव मूल्याङ्कन अनिवार्य गर्ने, जसअन्तर्गत हरेक विकास योजनाले कुन समुदायलाई कति लाभ पुग्यो भन्ने वार्षिक मूल्याङ्कन गर्ने बजेट विनियोजन जनसंख्या संरचना, गरिबी सूचकांक र मानव विकास सूचकांकका आधारमा गर्ने, स्थानीय तहका समिति र उपसमितिमा जनजाति समुदायको अनिवार्य प्रतिनिधित्व कानुनी रूपमा सुनिश्चित गरी राज्यप्रति विश्वास पुनर्स्थापित गर्ने र समावेशी विकासलाई व्यवहारमा उतार्ने पहल गर्नेछु।

## ३. शिक्षा प्रणाली रूपान्तरण, स्वास्थ्य सेवा सार्वभौमिक पहुँच

थाहा, इन्द्रसरोवर र राक्सिराङका दुर्गम बस्तीमा विद्यालय पहुँच अझै चुनौतीपूर्ण छ। विद्यालय छोड्ने दर विशेषगरी जनजाति समुदायमा उच्च छ। शिक्षा प्रणालीलाई व्यवहारिक बनाउने, जहाँ कक्षा ८ देखि प्राविधिक र सीपमूलक शिक्षा अनिवार्य हुने। "पढ्दै कमाउँदै" अवधारणा अन्तर्गत कृषि, पर्यटन, डिजिटल सीप, हस्तकला र उद्यमशीलता विद्यालयस्तरमै सिकाउने। मातृभाषामा प्रारम्भिक शिक्षा उपलब्ध गराउने, जसले सिकाइको गुणस्तर बढाउनेछ। डिजिटल कक्षा र दूरशिक्षा प्रणालीमार्फत दुर्गम बस्तीमा गुणस्तरीय शिक्षाको पहुँच विस्तार गर्ने। यसले युवा बेरोजगारी घटाउने आधार तयार गर्नेछ।

चेपाङ र तामाङ बस्तीमा स्वास्थ्य सेवा पहुँच कमजोर छ, विशेषगरी मातृ-शिशु स्वास्थ्यमा समस्या देखिन्छ। प्रत्येक वडामा न्यूनतम स्वास्थ्य सेवा, एक चिकित्सक र प्रयोगशाला सुविधा उपलब्ध गराउने।

टेलिमेडिसिन प्रणालीमार्फत हेटौडाबाट विशेषज्ञ सेवा दुर्गम क्षेत्रमा पुऱ्याउने, ज्येष्ठ नागरिकको घरमै मासिक स्वास्थ्य परीक्षण कार्यक्रम लागू गर्ने। विपन्न वर्गका लागि निःशुल्क स्वास्थ्य बीमा सुनिश्चित गर्ने। यसले रोकथाममुखी स्वास्थ्य प्रणाली विकास गर्नेछ र गम्भीर रोगको बोझ घटाउनेछ।

हेटौडा अस्पतालमा अत्यधिक चाप हुँदा बिरामीले गुणस्तरीय सेवा पाउन कठिन हुन्छ। क्षेत्रभित्रै विशेष अस्पताल स्थापना गर्ने, जसमा विशेषज्ञ सेवा, आपतकालीन कक्ष र आधुनिक उपकरण उपलब्ध हुनेछन्। एम्बुलेन्स नेटवर्क सुदृढ गरि, दुर्गम क्षेत्रसम्म सडक पहुँचसँगै स्वास्थ्य पहुँच जोड्ने पहल गर्नेछु। यसले बाहिर जानुपर्ने बाध्यता घटाउनेछ।

## औद्योगिक पुनर्जीवन, इन्क्युबेशन तथा नवप्रवर्तन

### – ४. ऊर्जा र वातावरण दिगो विकासको आधार

मकवानपुर-२ मा जलस्रोत, सौर्य ऊर्जा र जैविक ऊर्जाको सम्भावना छ। पहाडी क्षेत्रमा साना जलविद्युत र सौर्य प्रणाली विस्तार गर्ने, घरेलु बायोग्यास र हरित प्रविधि प्रवर्द्धन गर्ने, उद्योग र घरायसी प्रयोगमा ऊर्जा दक्षता कार्यक्रम लागू गर्न पहल गर्नेछु। यो ऊर्जा आत्मनिर्भरता र स्थानीय अर्थतन्त्र सुदृढीकरणको आधार बन्नेछ।

मकवानपुर औद्योगिक सम्भावना बोकेको क्षेत्र भए पनि धेरै उद्योग रुग्ण अवस्थामा छन्। सहुलियत ऋण, कर जटिलता समाधान र ऊर्जा पहुँच सुधारमार्फत उद्योग पुनर्जीवित गर्ने, सार्वजनिक निर्माणका कार्यहरुमा स्थानीय श्रमिक प्रयोग अनिवार्य गर्ने, उत्पादन, अनुसन्धान र नवप्रवर्तनलाई जोड्न इन्क्युबेशन केन्द्र स्थापना गर्ने, युवालाई व्यवसाय परामर्श, प्राविधिक सहयोग र वित्तीय पहुँच उपलब्ध गराउने व्यवस्थाका लागि पहल गर्नेछु। यसले ज्ञान आधारित अर्थतन्त्रको आधार तयार गर्नेछ।

**४.१. गाजा औद्योगिक उपयोग:** औषधीय र औद्योगिक प्रयोजनका लागि गाजा उत्पादनलाई व्यवस्थित गर्दै, किसानको आय वृद्धि, औद्योगिक कच्चा पदार्थ उत्पादन र निर्यात सम्भावना बिस्तारका लागि पहल गर्नेछु।

### – ५. पर्यटन विकास

मकवानपुर केवल दुई ठूला सहर जोड्ने "ट्रान्जिट" होइन, यो आफैंमा एउटा जीवित सङ्ग्रहालय र प्राकृतिक स्वर्ग हो। म संसद्मा तपाईंको आवाज बनेर पुग्दा, जिल्लाका यी पाँचै रत्नहरुलाई उनेर एउटा "हाइ-भ्यालु पर्यटकीय करिडोर" निर्माण गर्ने सङ्कल्प गर्दछु। मेरो नीतिगत हस्तक्षेपले पर्यटनको डलर ठूला होटलमा मात्र होइन, गाउँका प्रत्येक किसान र कालिगडको हातमा पुग्ने सुनिश्चितता गर्नेछ।

## – ६. चित्लाङ र दामन: विरासत र शितलताको संगम

**६.१. चित्लाङ (इटालीको "अल्बेर्गो डिफुजो" मोडल):** चित्लाङका ऐतिहासिक घरहरु हाम्रो सम्पत्ति हुन्। तिनलाई भत्काएर सिमेन्टका घर बनाउनुको साटो इटालीको मोडलमा र हाम्रै बन्दीपुरमा प्रभावकारी रुपमा सफलता पूर्वक अभ्यास भइरहेको "छरिएको होटल" का रुपमा विकास गरि, घरको बाहिरी मौलिकता जोगाउँदै भित्र आधुनिक सुविधा थपेर प्रत्येक घरलाई आम्दानीको स्रोत बनाउने, यहाँको कृषि-पर्यटनलाई "देख्ने" मात्र होइन, पर्यटक आफैंले "जीवन्त अनुभव" *(Immersive Experience)* लिने पर्यटन मोडलको विकासका लागि पहल गर्नेछु।

## – ७. दामन (हिमालयन अब्जर्भेटरी र कूल ब्रिज)

दामनलाई केवल भ्यू-टावरमा सीमित नगरी एउटा अत्याधुनिक खगोलशाला *(Observatory)* को रुपमा विकास गर्ने, जहाँबाट पर्यटकले उच्चस्तरका टेलिस्कोप बाट दिउँसो हिमालका चुचुरा र राति ताराहरुको अध्ययन *(Star Gazing and Astro Tourism)* गर्न सक्नेछन्।

गर्मी छल्न चाहने पर्यटकका लागि दामनको "चिसो हावापानी" *(Cool Breeze)* लाई एक विशिष्ट "हिल स्टेसन" ब्रान्डका रुपमा स्थापित गर्न यथोचित पहल गर्नेछु।

## – ८. इन्द्रसरोवर (मार्खु): "ग्लाम्पिङ" र पर्यावरणमैत्री जलविहार

इन्द्रसरोवर तललाई हामी नेपालकै नमुना "ब्लु-टुरिजम" हब बनाउन सक्छौं ।

**८.१. लक्जरी ग्लाम्पिङ:** तालको किनारमा स्थायी संरचना नबनाई, प्रकृतिसँग जोडिएका अति विलासी पाल *(Glamorous Camping)* तथा *Fishing* हरुको अवधारणा ल्याउने खालका पर्यटकीय गतिविधिहरुलाई प्रोत्साहन गर्ने गरि पहल गर्नेछु, यसले उच्च खर्च गर्ने पर्यटकलाई आकर्षित गरी वातावरण पनि जोगाउनेछ।

**८.२. शान्त जलयात्रा:** तालको पानी र पारिस्थितिक प्रणाली जोगाउन पेट्रोलबाट चल्ने इञ्जिनको सट्टा मौन विद्युतीय जलयान *(Silent Electric Boats)* र व्यावसायिक कार्यकिङलाई प्राथमिकता दिइनेछ। तालको वरिपरि इकोसिस्टम नबिग्रीने गरी साइकल ट्र्याकको व्यवस्था गर्न समेत पहल गरिनेछ।

## ९. राक्सिराङः पहिचान र गरिब-मैत्री जातीय पर्यटन (Pro-Poor Ethno-Tourism)

राक्सिराङ अब दुर्गम होइन, संस्कृतिको केन्द्र बन्नेछ।

**९.१. चेपाङ र तामाङ गौरव यात्रा:** राक्सिराङका आदिवासी समुदायको परम्परागत ज्ञान, सीप र जीवनशैलीलाई पर्यटनसँग जोड्ने खालका पर्यटन मोडललाई अगाडि बढाउन पहल गर्नेछु। जसले गर्दा यहाँ पर्यटकहरू चेपाङ समुदायसँगै जंगलमा कन्दमूल खोज्ने र गुफामा बस्ने (केही गुफाहरुको सुरक्षा र सुविधा विकास गरेर) जस्ता मौलिक अनुभव का लागि आउनेछन्।

**९.२. स्थानीयको खल्तीमा सीधा पैसा:** यहाँ सञ्चालन हुने पदयात्रा र होमस्टेको नेतृत्व स्थानीयले नै गर्नेछन्। पर्यटनबाट प्राप्त हुने राजस्वको ठूलो हिस्सा सीधा समुदायको शिक्षा र स्वास्थ्यमा खर्च हुने गरी कार्यान्वयन गर्न म नीतिगत पहल गर्नेछु।

**९.३. मनहरी: "शान्त सफारी" र चरा अवलोकनको केन्द्र**

चितवनको भीडभाड भन्दा फरक, मनहरीलाई एक "एक्सक्लुसिभ" वन्यजन्तु गन्तव्य बनाउने।

**९.४. मर्यादित वन्यजन्तु पर्यटन:** पर्सा राष्ट्रिय निकुञ्जको मनहरी क्षेत्रलाई सीमित तर उच्च खर्च गर्ने पर्यटकलाई आकर्षित गर्ने। यहाँको सफारीमा संख्या भन्दा शान्ति र गुणस्तरलाई जोड दिने गरि पर्यटन अवधारणालाई कार्यान्वयन गर्न पहल गर्नेछु। यसबाट बिश्वभरिका वाइल्डलाइफका पारखी पर्यटकहरुको पहिलो रोजाइ यो क्षेत्र बन्नसक्छ।

**राप्ती तटको लक्जरी:** राप्ती र लोथर खोलाको किनारमा चरा अवलोकन *(Birdwatching)* का लागि वातावरणमैत्री सुविधासम्पन्न "इको-लज" हरु स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने।

**९.५. रोजगारीको नयाँ परिभाषा:** पर्यटनको "भ्यालु चेन" बनाइ प्रत्येक घरलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी र आय आर्जनसँग जोड्न सक्ने आधार निर्माणका लागि पहल गर्नेछु।

**९.५.१. प्रत्यक्ष:** होटल, गाइड, र यातायातमा हजारौं युवालाई रोजगारी। यसका लागि मनहरी क्षेत्रमा नेचर गाइड, राक्सिराङ क्षेत्र र चित्लाङ क्षेत्रमा हेरिटेज गाइडको तालिम तुरुन्तै सञ्चालन गर्न पहल गर्नेछु।

**९.५.२. अप्रत्यक्ष (कोसेली उद्योग):** राक्सिराङको शुद्ध मह, मार्सुको माछा, र चित्लाङको हस्तकलालाई "मेड इन मकवानपुर" को ब्रान्ड मार्फत स्थानीय अर्थतन्त्रलाई टेवा पुग्ने खालका नीतिगत व्यवस्थाहरुका लागि पहल गर्नेछु जस्तै करिडोरका होटलहरुले अनिवार्य रुपमा स्थानीय हस्तकला र खाद्य सामग्री प्रयोग गर्नुपर्ने खालका व्यवस्थाहरुमा जोड दिनेछु। यसले हाम्रा आमा-दिदीबहिनीलाई घरमै बसेर आम्दानी गर्ने अवसर दिनेछ।

मकवानपुर-२ प्राकृतिक सुन्दरता र सांस्कृतिक विविधताले भरिपूर्ण छ। दामन-सिमभञ्ज्याङ क्षेत्रमा हिल स्टेशन मोडेल विकास गर्ने, पदमार्ग, साइकल ट्र्याक, भ्यू टावर र होमस्टे प्रवर्द्धन गर्ने, चित्लाङ-मार्खु पदमार्ग निर्माण गर्ने तथा धार्मिक स्थलहरूलाई व्यवस्थित गर्दै पर्यटनलाई स्थानीय रोजगारीसँग जोड्न पहल गर्नेछु।

## – १०. नदी व्यवस्थापन र हरित पूर्वाधार

राप्ती र स्थानीय खोलाको व्यवस्थापन गरी बोटिङ सेवा र हरित बेल्ट विकास गर्ने, नदी किनार संरक्षण, बाढी नियन्त्रण र मनोरञ्जन क्षेत्र विकास गर्ने पहल गर्नेछु। यसले वातावरणीय सन्तुलन र पर्यटन दुबैलाई सहयोग गर्नेछ।

**१०.१. वातावरण संरक्षण र जलस्रोत व्यवस्थापन:** वातावरण संरक्षण मकवानपुर-२ को दीर्घकालीन अस्तित्वसँग जोडिएको विषय हो। अवैध उत्खनन नियन्त्रण, वृक्षारोपण र सामुदायिक वन सुदृढीकरणको पहल गर्नेछु। नदी कटान नियन्त्रण, वर्षा पानी संकलन र भू-क्षय नियन्त्रण कार्यक्रम तथा विकास निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन कडाइका साथ लागू गरि प्राकृतिक सन्तुलन जोगाउँदै गरिने दिगो विकासको मोडलका लागि काम गर्नेछु।

**१०.२. महिला सशक्तीकरण:** सहकारी, लघुउद्यम, सीप विकास र वित्तीय पहुँचमार्फत महिलालाई आत्मनिर्भर बनाउने नीति सहितका कार्यक्रमहरूका लागि काम गर्नेछु।

## – ११. डिजिटल सुशासन, संघीय समन्वय सुधार

**११.१. डिजिटल गभर्नेन्स पारदर्शी र छिटो सेवा प्रणाली:** मकवानपुर-२ को धेरै बस्तीमा सरकारी सेवा लिन नागरिकलाई हेटौडा वा अन्य जिल्ला धाउनु पर्ने बाध्यता छ। कागजी प्रक्रिया, ढिलासुस्ती र अनौपचारिक खर्चले सेवा प्रणाली प्रति अविश्वास बढाएको छ।

डिजिटल गभर्नेन्स अन्तर्गत सबै प्रमाणपत्र, सिफारिस, कर भुक्तानी, सामाजिक सुरक्षा र अनुदान आवेदन अनलाइन प्रणालीमा रूपान्तरण गर्ने, वडा स्तरीय डिजिटल सेवा डेस्क स्थापना गरि दुर्गम बस्तीका नागरिकलाई सहज हुने व्यवस्थाको पहल गर्नेछु। सार्वजनिक खर्चको रियल टाइम डिजिटल ड्यासबोर्ड सार्वजनिक हुने व्यवस्थाका लागि पहल गर्नेछु, जसले पारदर्शिता र उत्तरदायित्व बढाउनेछ।

यसले भ्रष्टाचार घटाउने मात्र होइन, निर्णय प्रक्रिया छिटो र प्रमाण आधारित बनाउनेछ। संघ, प्रदेश र स्थानीय तहबीच दोहोरोपन हटाई समन्वय बढाउने नीतिमा जोड दिदै स्रोत उपयोग प्रभावकारी बनाउन पहल गर्नेछु।

सार्वजनिक सेवामा सुधार, नागरिकमैत्री प्रशासन: नागरिकले सेवा लिन समय, पैसा र मानसिक तनाव भोग्नुपरेको अवस्था अन्त्य गर्दै सेवा समयसीमा ऐन प्रभावकारी कार्यान्वयन गराउने व्यवस्थाका लागि पहल गर्नेछु। पालिकामा "एकल सेवा केन्द्र" स्थापना गरि बहु सेवा एउटै स्थानबाट उपलब्ध गराउने, सेवाको गुणस्तर मापनका लागि नागरिक प्रतिक्रिया प्रणाली प्रभावकारी रूपमा लागू गराउन पहल गर्नेछु। यसले प्रशासनलाई उत्तरदायी बनाउनेछ।

**११.२. सार्वजनिक खरिद प्रणाली सुधार:** सार्वजनिक खरिद प्रक्रियामा अनियमितता विकासको ठूलो बाधा हो। सम्पूर्ण खरिद प्रक्रिया ई-प्रोक्योरमेन्ट प्रणालीमा रूपान्तरण गर्ने, सार्वजनिक खरिद प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी बनाउने, अनियमितता रोक्न डिजिटल ट्र्याकिङ प्रणाली लागू गर्ने, बोलपत्र, मूल्यांकन, सम्झौता र भुक्तानी विवरण सार्वजनिक गर्ने, तृतीय पक्ष अनुगमन अनिवार्य गर्ने जस्ता व्यवस्थाहरू निर्माण तथा प्रभावकारी कार्यान्वयनका लागि पहल गर्नेछु। यसले गुणस्तरीय निर्माण र खर्च पारदर्शिता सुनिश्चित गर्नेछ।

**११.३. कर प्रणाली सुधार:** साना व्यवसायलाई कर छुट, डिजिटल कर प्रणाली र करछली नियन्त्रणमा कडा नीतिको लागि आवाज उठाउनेछु।

## – १२. रोजगारी केन्द्रित विकास मोडेल, वैदेशिक रोजगार सुधार, सीप बैंकको अवधारणा

**१२.१ रोजगारी सृजना स्थानीय अर्थतन्त्र पुनर्जीवनको केन्द्रीय नीति:** मकवानपुर-२ मा रोजगारी समस्या बहुआयामिक छ। पहाडी क्षेत्रमा अवसरको अभावले युवा पलायन बढेको छ भने तराई क्षेत्रमा मौसमी रोजगारमा निर्भरता बढी छ। रोजगारी सिर्जना केवल सरकारी जागिर बढाएर सम्भव हुँदैन, स्थानीय अर्थतन्त्रलाई बहुक्षेत्रीय रूपमा सक्रिय बनाउनुपर्छ।

यसका लागि कृषि, पर्यटन, जडीबुटी, साना उद्योग, सेवा क्षेत्र र डिजिटल कामलाई एकीकृत रोजगार रणनीतिमा जोडिनेछ। प्रत्येक वडामा रोजगार सूचना केन्द्र स्थापना गर्ने जसले सीप, अवसर र वित्तीय पहुँचलाई समन्वय गर्नेछ। स्थानीय पूर्वाधार निर्माणमा स्थानीय श्रमिक प्रयोग अनिवार्य गर्ने नीतिको पैरवी गर्नेछु, जसले गर्दा पैसा बाहिर नजाने र स्थानीय अर्थचक्र सक्रिय रहने सुनिश्चित गर्नेछ। सुरक्षित वैदेशिक रोजगार, सीप प्रमाणिकरण र ठगी नियन्त्रणमा कडा नीति लागू गर्ने, गराउने पहल गर्नेछु।

**१२.२ प्रवासी नेपाली नीति सीप र पूँजी पुन:प्रवाह:** मकवानपुर-२ बाट ठूलो संख्यामा युवा वैदेशिक रोजगारमा छन्। उनीहरुको सीप र पूँजीलाई स्थानीय विकाससँग जोड्न नीतिगत पहल गर्नेछु।

प्रवासी लगानी सहजीकरण डेस्क स्थापना गर्ने, सीप प्रमाणिकरण र पुन:एकीकरण कार्यक्रम सञ्चालन गर्ने, फर्किएका युवालाई उद्यमशीलतामा विशेष प्रोत्साहन दिने जस्ता कार्यक्रम तथा योजनाका लागि पहल गर्नेछु। यसले वैदेशिक निर्भरता घटाउनेछ।

**१२.३. स्टार्टअप तथा नवप्रवर्तन नीति:** मकवानपुर-२ मा उच्च शिक्षित युवा संख्या बढ्दैछ, तर उनीहरुको ऊर्जा परम्परागत रोजगारी ढाँचामा सीमित छ। नवप्रवर्तन केन्द्र स्थापना गरी कृषि प्रविधि, पर्यटन प्रविधि, डिजिटल सेवा, हरित ऊर्जा र स्थानीय उत्पादनमा आधारित स्टार्टअपलाई प्रोत्साहन गर्ने, सहुलियत ऋण, प्रारम्भिक अनुदान, व्यवसाय परामर्श, कानुनी सहजीकरण र बजार पहुँच उपलब्ध गराउने, स्थानीय उत्पादनलाई डिजिटल बजारसँग जोड्ने जस्ता कार्यक्रम तथा योजनाहरुमा काम गर्नेछु। यसले युवा पलायन घटाउने, ज्ञान आधारित अर्थतन्त्र निर्माण गर्ने र दीर्घकालीन रोजगारी सृजना गर्नेछ।

**१२.४. युवा तथा खेलकुद विकास सामाजिक ऊर्जा व्यवस्थापन:** मकवानपुर-२ को युवा शक्ति विशाल सम्भावना हो, तर संरचनागत मार्गदर्शन अभाव छ। प्रत्येक पालिकामा व्यवस्थित खेल मैदान निर्माण गर्ने, नियमित टोल, वडा र नगरपालिका स्तरका प्रतियोगिताहरु सञ्चालन गर्ने,

खेल प्रशिक्षक नियुक्ति, पोषण कार्यक्रम र प्रतिभा पहिचान प्रणाली विकास गर्ने, खेलकुदलाई केवल मनोरञ्जन होइन, अनुशासन, नेतृत्व र करियर विकाससँग जोड्ने जस्ता कार्यक्रम तथा योजनाहरुमा काम गर्नेछु।

**१२.५. लागू औषध र ट्रान्जिट अपराध नियन्त्रण:** मकवानपुरका युवाहरुलाई लागू औषधको दलदल र ओसारपसार (भरिया) बाट बचाउन "प्रहरी कारबाही" मात्र पर्याप्त छैन। व्यापक जनजागरणका कार्यक्रमहरु सञ्चालन गर्ने, युवाहरुलाई कुलतबाट जोगाउन "पुनर्स्थापना केन्द्र" को पहुँच बढाउने, साथै, आर्थिक अभावका कारण अपराधमा लाग्ने विवशता अन्त्य गर्न उनीहरुलाई स्थानीयस्तरमै तालिम र वैकल्पिक आयआर्जनका अवसरहरु प्रदान गरी उत्पादनमूलक काममा जोड्ने नीति निर्माणका लागि काम गर्नेछु।

## १३. संस्कार अनुसारको दाहसंस्कार

हरेक नागरिकलाई आफ्नो धार्मिक आस्था र परम्परा अनुसार अन्तिम संस्कार गर्न पाउने अधिकार छ। मकवानपुर क्षेत्र नम्बर २ का विभिन्न धर्मावलम्बी र समुदायका लागि आवश्यक पर्ने घाट, चिहानडाँडा वा अन्त्येष्टि स्थलहरुको व्यवस्था र ति स्थलहरुको संरक्षणका लागि काम गर्नेछु। धार्मिक र सांस्कृतिक संवेदनशीलतालाई ध्यान दिँदै सबैको संस्कारको सम्मान हुने गरी भौतिक पूर्वाधार निर्माणको पहल गर्नेछु।

## १४. वन्यजन्तु-मानव द्वन्द समाधान

मनहरी क्षेत्र पर्सा राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रसँग जोडिएको हुनाले यहाँका बासिन्दाले बर्सेनि हात्ती, बाघ लगायतका वन्यजन्तुबाट धनजनको क्षति बेहोर्नुपरिरहेको छ, यस समस्या समाधानको लागि

**१४.१. बीमा प्रणाली:** वन्यजन्तुका कारण हुने बालीनाली, पशुधन र मानवीय क्षतिको शतप्रतिशत कभरेज हुने गरी झन्झटरहित "विशेष वन्यजन्तु बीमा कार्यक्रम" लागु गर्नेगरी नीतिगत व्यवस्थाको लागि पहल गर्नेछु। यसले किसानको जोखिमलाई न्यून गर्नेछ।

**१४.२. सुरक्षात्मक पूर्वाधार:** निकुञ्ज र मानव बस्तीको सिमानामा विद्युतीय तारवार *(Electric Fencing)*, मेस जाली र खाडलहरू जस्ता आधुनिक भौतिक पूर्वाधार निर्माण गरी वन्यजन्तुलाई बस्ती छिर्नबाट रोक्न तिनै तहका सरकारहरूबीच समन्वयकारी भूमिका निर्वाह गर्नेछु।। साथै, उच्च जोखिमयुक्त क्षेत्रमा "अर्ली वार्निङ सिस्टम" *(Early Warning System)* र साइरन जडान प्रणालीहरूका लागि पहल गर्नेछु।

**१४.३. राहत प्रणाली:** हालको सरकारी राहत प्रक्रिया निकै झन्झटिलो र ढिलो छ। प्रारम्भिक राहत र छोटो समयभित्रै पूर्ण क्षतिपूर्ति पाउने गरी "एकद्वार राहत प्रणाली" को कानुनी सुनिश्चितताका लागि पहल गर्नेछु।

## १५. सहरीकरण व्यवस्थापन

बढ्दो जनघनत्वलाई व्यवस्थित गर्न हेटौंडा र यसका नजिकका बजारहरूलाई हचुवाको भरमा होइन, "मास्टर प्लान" बनाएर विकास गर्ने, ढल निकास, खानेपानी, खुला पार्क र चौडा सडक सहितको "स्मार्ट नगर" को अवधारणामार्फत व्यवस्थित बसोबास क्षेत्रका लागि पहल गर्नेछु।

## १६. विपद व्यवस्थापन

मकवानपुरको भौगोलिक संवेदनशीलतालाई ध्यान दिँदै बाढी-पहिरो नियन्त्रणका लागि तटबन्ध र वृक्षारोपणलाई प्राथमिकताको नीति रहनेछ, चट्याङको उच्च जोखिम रहेका क्षेत्रहरूमा आधुनिक "लाइटनिङ एरेस्टर" *(Lightning Arrester)* प्रविधि जडान गर्ने, विपद आउनु अगावै सूचना दिने "अर्ली वार्निङ सिस्टम" मार्फत जनधनको रक्षा हुने प्रभावकारी योजनाका लागि पहल गर्नेछु।

**१६.१. योग्य विद्यार्थीहरूलाई विपद् व्यवस्थापन सम्बन्धी अत्याधुनिक शिक्षा:** *(Thunderstrike Management Engineering)* अध्ययनका लागि विश्वका उत्कृष्ट विश्वविद्यालयहरूमा छात्रवृत्ति प्राप्त गर्ने वातावरण मिलाउन सरकारी र कूटनीतिक तहमा पहल गर्नेछु, जसले विपद् व्यवस्थापनको क्षेत्रमा दक्ष जनशक्तिको पारिपूर्ति गर्नेछ।

## १७. दीर्घकालीन समग्र विकास दृष्टि

भूगोल, संस्कृति र जनसांख्यिक विविधतालाई केन्द्रमा राखी मकवानपुर-२ लाई कृषि, पर्यटन, उद्योग, शिक्षा लगायत समग्र क्षेत्रमा सन्तुलित विकास सुनिश्चित गर्दै सामाजिक न्याय तथा सन्तुलित विकास मोडेल क्षेत्रका रूपमा उदाहरणीय क्षेत्र बनाउनु मेरो ध्येय हुनेछ।

# धन्यवाद

## जय घण्टी




FALGUN 21

#VoteForPrashant